# शहिद लखन गाउँपालिकाका

## खानीजन्य वस्तु (ढुंगा, गिट्टी, बालुवा, स्लेट, माटो) तथा प्राकृतिक श्रोत व्यवस्थापन कार्यविधि, २०७४

प्रमाणित

जीवन बहादुर आल मगर
प्रमुख प्रशासकीय अधिकृत

शहिद लखन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

घैरुङ्ग, गोरखा

# खानीजन्य वस्तु (ढुंगा, गिट्टी, बालुवा, स्लेट, माटो) तथा प्राकृतिक श्रोत व्यवस्थापन कार्यविधि, २०७४

**प्रस्तावनाः** नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधानको अनुसूचि ८ को क्रमसंख्या २१ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(प) को ७ मा रहेको ढुंगा, गिट्टी, बालुवा, नुन, माटो खरिढुंगा तथा स्लेट जस्ता खानीजन्य वस्तुको सर्वेक्षण उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नविकरण खारेजी र व्यवस्थापन सम्वन्धि कार्य गर्न शहिद लखन गाउँपालिकाको गाउँ कार्यपालिकाले ढुंगा, गिट्टी, बालुवा, माटो जस्ता खानीजन्य वस्तुको प्राकृतिक श्रोत व्यबस्थापन गर्न यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद:१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यस कार्यविधिको नाम "खानीजन्य वस्तु (ढुंगा, गिट्टी, बालुवा, स्लेट, माटो) तथा प्राकृतिक श्रोत व्यवस्थापन कार्यविधि, २०७४" रहनेछ ।

२) यो कार्यविधि शहिद लखन गाउँपालिका गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

## परिच्छेद:२

## परिभाषा

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "गाउँपालिका" भन्नाले शहिद लखन गाउँपालिकालाई सम्झनुपर्दछ ।

ख) "वडा" भन्नाले शहिद लखन गाउँपालिका अन्तर्गतको वडाहरु सम्झनुपर्दछ ।

ग) "अध्यक्ष" भन्नाले शहिद लखन गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

घ) "वडा अध्यक्ष" भन्नाले शहिद लखन गाउपालिका अन्तर्गतका वडा अध्यक्ष सम्झनुपर्दछ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शहिद लखन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

च) "खानीजन्य वस्तु" भन्नाले निजी, सार्वजनिक वा सरकारी जग्गाको खानीबाट उत्पादन हुने ढुंगागिट्टी, वालुवा, स्लेट, माटो जस्ता वस्तुहरु संभनुपर्दछ ।

छ) "खानी संचालक" भन्नाले यो कार्यविधि बमोजिम स्वीकृति लिएर खानिजन्य वस्तुको उत्खनन्, संकलन तथा बिक्री, वितरणको लागि स्वीकृति लिएको व्यक्ति, संस्था वा कम्पनी संभनु पर्दछ ।

ज) "गाउँ कार्यपालिका" भन्नाले शहिद लखन गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ ।

## परिच्छेद:३

## उद्धेश्य

**३. शहिद लखन गाउँपालिकाले निम्न उद्देश्य पूरा गर्न यो कार्यविधि जारी गरेको छ ।**

१) भूकम्प पुर्ननिर्माण कार्यमा देखिएको निर्माण सामग्रीको अभाव हटाई पुर्ननिर्माण कार्यलाई गति दिने ।

शहिद लखन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थरुङ, गोरखा २०७३

२०७४/१२/१४

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

२) नदीजन्य उत्पादनका वस्तुहरुको संकलन तथा विक्रीवितरणबाट नपुग निर्माण सामग्रीको अभाव कम गर्ने ।

३) खानीजन्य प्राकृतिक श्रोत व्यवस्थित उत्खनन् तथा संकलन कार्य गर्ने

४) गाउँपालिकाको आन्तरिक श्रोत अभिवृद्दि गर्ने ।

## परिच्छेद:४

## खानीजन्य वस्तु उत्खनन् तथा व्यवस्थापन

४. निजी जग्गा व्यवस्थापन (खन्न, सम्याउन):

(१) **निजी जग्गा व्यवस्थापन (खन्न, सम्याउन) गर्न पाउँ भनि कुनै व्यक्तिले गाउँपालिकामा निवेदन दिँदा देहाय बमोजिमको कागजात पेश गर्नुपर्नेछ ।**

क) जग्गाको हकभोग भएको जग्गा धनी पुर्जा,

ख) सम्पत्ति कर/भूमी कर तिरेको रसिद र नापी नक्सा,

ग) संयुक्त जग्गा भए हकवालाको मन्जुरी,

घ) मोही जग्गा भए मोही र जग्गाधनी दुवैको सम्झौता,

ङ) सधियारको मन्जुरी (मुचुल्का),

च) खन्न, सम्याउन परेको व्यहोरा उल्लेखित निवेदन,

छ) सम्वन्धित वडाको सिफारिस,

ज) २२५ घनमिटर भन्दा बढी परिमाण भएमा स्वीकृति प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन ।

(२) **गाउँपालिकामा निवेदन दर्ता भएपछि अध्ययन गरीने पक्षहरु देहाय बमोजिम हुनेछ :**

क) निवेदन साथ संलग्न कागजको प्रमाणिकरण ।

ख) जग्गा सम्याउनु, खन्नु पर्ने कारणको प्राविधिकबाट प्रतिवेदन ।

ग) कति परिमाणमा माटो, वालुवा, ढुंगा निस्कने हो सो को प्राविधिक प्रतिवेदन (घन मिटरमा)

घ) कति समय लाग्ने हो समय विवरण ।

ङ) उत्खनन् भएको खानी जन्य वस्तुको कहाँ कसरी व्यवस्थापन गर्न सकिन्छ सो सम्वन्धी विषय ।

(३) **प्रारम्भिक वातावरणीय परिक्षणको कार्य सूचि तथा प्रतिवेदन स्वीकृत गर्ने अधिकार :** वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४ बमोजिम नदिजन्य र खानीजन्य पदार्थको संकलन र उत्खनन् सम्बन्धि प्रारम्भीक वातावरण परिक्षणको कार्य सूचि तथा प्रतिवेदन स्वीकृत गर्ने र अनुमति दिने सम्बन्धमा देहाय बमोजिम हुनेछ ।

क) वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४ बमोजिम नदिजन्य र खानीजन्य पदार्थको संकलन र उत्खनन् सम्बन्धि प्रारम्भीक वातावरणीय परिक्षणको कार्य सूचि तथा प्रतिवेदन स्वीकृत गर्ने अधिकार २०७५ असार मसान्त सम्म जिल्ला समन्वय समितिमा रहने ।

शहिद लखन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घैरुङ, गोरखा २०७३

२०७४/१२/१४

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

ख) २०७५ श्रावण ०१ देखि वातावरण विभागको सहकार्यमा उक्त प्रतिवेदन गाउँपालिकाले स्वीकृत गर्ने ।

ग) गाउँ कार्यपालिकाले उपर्युक्त बमोजिम स्वीकृत गर्दा वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४ को अधिनमा रहि स्वीकृत गर्ने ।

घ) प्रारम्भीक वातावरणीय परिक्षणको कार्यसूचि तथा प्रतिवेदनको प्रस्तावक सम्बन्धित फर्म, कम्पनी वा व्यक्ति हुने ।

ङ) प्रतिवेदनमा संकलनरउत्खनन् वा दोहन गर्ने कच्चा पदार्थको स्थान, क्षेत्रफल, समय अवधि र श्रोतको विवरण तथा त्यस्तो क्षेत्रको नक्सा सहित पेश गर्नु पर्ने ।

च) नदिजन्यरखानीजन्य पदार्थ संकलनरउत्खनन् गर्दा प्रयोग गर्ने विधि र सो विधिमा प्रयोग गर्ने मेसिन औजार उपकरण तथा यन्त्रको विवरण पेश गर्नुपर्ने ।

छ) प्रारम्भीक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्दा विज्ञ समूहमा कम्तिमा देहायको विज्ञ समावेश हुनुपर्ने ।

अ. जियोलोजिस्ट १ जना

आ.वातावरण विज्ञ १जना

इ. आवश्यता अनुसार सामाजिक, आर्थिक आदि सम्वन्धि विज्ञहरु

ज) प्रतिवेदनमा प्रस्तुत नकरात्मक असर न्यूनिकरणका लागि अपनाईएको उपायहरुको विश्लेषण गरि कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन गरेको हुनुपर्ने ।

झ) जिल्ला अनुगमन तथा समन्वय समिति मार्फत गरिने जिल्ला स्तरीय अनुगमन् कार्य योजना समेत प्रतिवेदनको अंशको रुपमा समावेश हुने ।

ञ) प्राप्त कार्यसुचि तथा प्रतिवेदन उपर गाउँ कार्यपालिकामा छलफल हुने र कार्यपालिकाले आवश्यक ठहराएमा विज्ञ समूह वा प्राविधिकबाट स्थलगत अवलोकन गराई प्रतिवेदन लिन सक्ने ।

ट) नदिजन्य र खानीजन्य पदार्थको संकलन र उत्खनन् सम्बन्धि प्रारम्भीक वातावरण परिक्षणको कार्य सूचि तथा प्रतिवेदन स्वीकृत गर्ने र अनुमति दिने र अनुमति रद्द गर्ने अधिकार गाउँ कार्यपालिकामा रहने ।

ठ) गाउँ कार्यपालिकाबाट गठित अनुगमन समितिले नियमित अनुगमन गरी आवश्यक निर्देशन दिने ।

ड) स्वीकृत प्रतिवेदनको प्रमाणित प्रतिलिपि गाउँपालिकाको वेवसाइटमा राख्ने व्यवस्था गर्ने ।

**(४) सबै वडा बासीले थाहा पाउने गरी १५ दिने सार्वजनिक सूचना जारी गर्ने**

क) सूचनामा माग भएको कित्ता जग्गा र सम्बन्धित जग्गा धनीको विवरण समेत उल्लेख गर्ने ।

**(५) प्रकाशित सूचना बमोजिम साँध सधियार राखी कोही कसैलाई असर पर्छ पर्दैन सो समेत खुलाई वडा कार्यालयबाट सर्जमिन गर्नेछ ।**

**५. गाउँपालिकाले कार्य सम्पादन गर्दा देहाय बमोजिमको प्रक्रिया अबलम्बन गर्नु पर्नेछ ।**

क) जग्गा व्यवस्थापनका लागि माग भएको स्थानमा सार्वजनिक जग्गा, सामुदायिक बन, धार्मिक स्थल लगायत सार्वजनिक महत्व भएको स्थल भएमा कम्तिमा ३० मिटर अन्तर छ, छैन हेर्ने ।

ख) व्यवस्थापन गर्ने जग्गाको वरपर रहेको जग्गाको सतह भन्दा अग्लो, भिरालो जग्गा हो, हैन पत्ता गर्नेछ ।

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धैरुङ, गोरखा
२०७३

२०७८/१२/१४
जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

ग) व्यवस्थापन गर्ने जग्गा, घर टहरा निर्माणको लागि हो वा कृषि प्रयोजनको लागि हो एकिन गर्नेछ ।

घ) मेशिन प्रयोग गर्ने हो वा होईन खुलाउने ।

ङ) अन्य आवश्यक कुराहरु हर्ने ।

च) अनुमति प्राप्त गरी ढुंगा, गिट्टी, वालुवा उत्खनन् र संकलन शुरु भईसकेपछी वा प्रकृयामा रहँदाको अवस्थामा कुनै व्यक्ति वा संस्थाले खानी संचालन गरेको जग्गा विक्री वितरण गरी स्वामित्व हस्तान्तरण भएमा अनुमति स्वत रद्द हुनेछ ।

छ) बुढिगण्डकी डुवान क्षेत्रमा पर्ने खानी भएमा जग्गाहरुले वालुवा, ढुंगा, गिट्टी उत्खनन् रसंकलनको अनुमति लिएको भएमा पनि मुआब्जा रकम बुझिसकेपछि स्वत व्यक्ति वा फर्मको अनुमति रद्द हुनेछ ।

**६. जग्गा व्यवस्थापन गर्दा यस गाउँपालिकाले लिने दस्तुर देहाय बमोजिम हुनेछ :**

क) कुनै व्यक्तिले माटो बालुवा प्रशोधन कम्पनीसंग सम्झौता गरी कच्चा माटो वा बालुवा व्यवस्थापनको निवेदन दिएमा स्वीकृत प्राप्त व्यक्तिले प्रति रोपनी रु.१०,०००।- अनुमति दस्तुर र निकासी गरी लाने कम्पनीले प्रति हेबी ट्रिपर वा ठूला गाडी रु.७००।- मझौला गाडी र सामान्य ट्रिपर रू ५००।- र टेक्टर र साना गाडीको रु.२००।- निकासी दस्तुर लाग्नेछ ।

ख) कुनै निजी ढिस्को वा जग्गाबाट कच्चा माटो वा बालुवा निकाली यस गाउँपालिका भन्दा बाहिर सोझै लानु परेमा उक्त माटो निकाल्ने व्यक्ति वा कम्पनीलाई अनुमति दस्तुर बापत रु.१०,०००।- लाग्नेछ । र प्रति हेबी ट्रिपर वा ठूला गाडी रु. ७००।- मझौला गाडी र सामान्य ट्रिपर रू ५००।- र टेक्टर र साना गाडीको रु.२००।- निकासी दस्तुर लाग्नेछ ।

ग) कुनै व्यक्तिले आफ्नो निजि जग्गाबाट निस्किएको माटो वा वालुवा आफै व्यवस्थापन गर्न बाहिर निकासी गर्नुपर्ने भएमा सम्वन्धित व्यक्तिलाई अनुमति दस्तुर प्रति रोपनी रू १०,०००।- प्रति हेबी ट्रिपर वा ठूला गाडी रु.७००।- मझौला गाडी र सामान्य ट्रिपर रू ५००।- र टेक्टर र साना गाडीको रु.२००।- निकासी दस्तुर लाग्नेछ ।

घ) कुनै निजि ढिस्को वा जग्गाबाट ढुंगा बाहिर पठाउनु परेमा सम्बन्धित व्यक्ति वा कम्पनीलाई अनुमति दस्तुर प्रति रोपनी रू १०,०००।- लाग्ने छ ।

ङ) माथि उल्लेखित खानीजन्य पदार्थहरुको उत्खनन् तथा व्यवस्थापन शीर्षकबाट उठेको रकम गाउँपालिकाको संचित कोषमा जम्मा गरिने छ र सो रकम गाउँसभाको निर्णय बमोजिम खर्च गरिनेछ । यस्तो रकमको गाउँसभाले निर्णय गर्दा खानी क्षेत्र भएका वडाहरुलाई वातावरण संरक्षण गर्ने प्रयोजनको लागी योजना कार्यक्रम संचालन गर्न प्रथमिकता दिईनेछ ।

**७. प्रदुषण रोकथाम तथा नियन्त्रण गर्न खानी संचालक र खानीजन्य वस्तु ओसार प्रसार गर्दा निम्न उपायहरु अबलम्बन गर्नुपर्नेछ :**

क) व्यक्ति वा कम्पनिले खानी जन्य वस्तु उत्खनन् संकलन वा निकासी गरिसकेपछि सो क्षेत्रमा अनिवार्य रूपमा वृक्षरोपण गरी हरियाली कायम हुने व्यवस्था गर्नुपर्नेछ ।

ख) वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी वा जनजीवन र स्वास्थलाई प्रतिकुल असर हुने गरि काम गर्न पाईने छैन ।

ग) सवारी आवागमनमा बाधा नपुग्ने र सडकमा धुलो नउड्ने व्यवस्था मिलाएर खानी जन्य बस्तुको ओसार पसार गर्न सकिनेछ ।

गण्डकी लखन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धैरुङ, गोरखा २०७३

२०७५/१२/१४

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

घ) खानी जन्य बस्तु निकासीको लागी सवारी साधन चलाउँदा स्थानीय स्तरमा छलफल गरी स्थानीय सर्वसाधारणलाई बाधा नपर्ने गरि उपयुक्त समयमा चलाउनु पर्नेछ ।

ङ) खानी सञ्चालकले सम्झौता बमोजिम कार्य गरेको नपाएमा गाउँपालिकाको स्वीकृति रद्द गरी नियम अनुसार कारवाही अगाडि बढाईनेछ ।

च) सार्वजनिक जग्गामा खानी जन्य बस्तु उत्खनन् गरिसकेपछि उक्त स्थानमा वृक्षारोपण गरी हरियाली हुने गरी व्यवस्थित गर्नुपर्ने छ ।

छ) समय समयमा गाँउपालिकाले दिएको निर्देशन पूर्ण रुपमा पालना गर्नु खानी सञ्चालकको कर्तव्य हुनेछ ।

ज) खानी संचालकहरुले खानीसम्म पुग्ने बाटो वर्षायाममा समेत चल्न सक्ने गरी मर्मत गर्नुपर्ने छ ।

झ) खानीजन्य बस्तु ओसार पसारका लागि प्रयोग गरिने सडक खानी सञ्चालकले समय समयमा मर्मत गर्नुपर्नेछ ।

ञ) विभिन्न स्थानमा भएका वासिङ कम्पनिहरुले अनुमति लिदाको बखत कम्पनी रजिस्टारको कार्यालय तथा घरेलु तथा साना उद्याग विकास समिति वा कार्यालयबाट दिएको निर्देशन अनुसार वासिङवाट निस्किएको फोहोर पानीलाई व्यवस्थित गर्न Treatment Plant बनाई सफा भईसकेको पानीलाई मात्र स्थानीय नदी तथा खोलामा पठाउने व्यवस्था गर्नु पर्नेछ ।

ट) खानी संचालक वा वासिङ कम्पनीहरुले बाटोमा धुलो प्रदुषण तथा ध्वनी प्रदुषण हुने गरी ढुवानीका साधनहरु चलाउन पाईने छैन र बाटोमा आवश्यकता अनुसार ट्याङकरवाट पानी हालि धुलो नउड्ने गरि गाडीको भारबहन क्षमता अनुसार मात्र वोक्नपाइने र ढुवानी गर्दा माटो वालुवा ढुंगा नखस्ने व्यवस्था गरी छोपेर मात्र ढुवानीको व्यवस्था मिलाउनु पर्ने छ । साथै सडकमा सवारी साधन राखी पानी तर्काउने कार्य गर्न पाइने छैन ।

ठ) कुनै व्यक्ति, फर्म वा कम्पनीले स्वीकृती नलिई जग्गा सम्याउन तथा ढुंगामाटो, बालुवा जस्ता खानीजन्य बस्तुको उत्खनन् र बिक्री गर्न पाइने छैन ।

ड) कुनै व्यक्ति, फर्म वा कम्पनीले स्वीकृती नलिई जग्गा सम्यउन तथा ढुंगामाटो, बालुवा जस्ता खानीजन्य वस्तुको उत्खनन् र बिक्री वितरण गरेको पाईएमा सो बस्तु जफत गरी उत्खनन् कार्य तत्काल बन्द गराई सम्वन्धीत व्यक्ति वा कप्पनीलाई उत्खनन् गरिएको मात्रा बमोजिम हुन आउने राजश्व र थप रू १०,०००।- देखि रू ५०,०००।- सम्म जरिवाना गरी कानुन बमोजिम कारवाहि गरिनेछ ।

**८. सार्वजनिक जग्गा व्यबस्थापन सम्बन्धी व्यवस्था :**

क) गाउँबासीको हितमा खेलकुद मैदान, मठ मन्दिर, स्वास्थ्य केन्द्र, कलेज, सामुदायिक स्कूल, र अन्य सार्वजनिक भवन वा सार्वजनिक स्थल निर्माणका लागी जग्गा व्यवस्थापन गर्दा गाउँपालिकाको निर्णय अनुसार गाउँपालिका आफैले सार्वजनिक जग्गा व्यवस्थापन र निर्माण गर्नेछ।

ख) सार्वजनिक, पर्ति र सरकारी जग्गामा रहेको माटो, स्लेट, ढुंगा, वालुवा लगायत अन्य खानीजन्य वस्तुहरुको उत्खनन् संकलन र बिक्रीवितरण गाउँपालिकाले प्रारम्भिक वातावरणीय परीक्षण गराई गाउँ कार्यपालिकाको निर्णय बमोजिम गाउँपालिका आफैले वा ठेक्कापट्टा व्यवस्थाद्वारा व्यवस्थापन गर्न सक्नेछ।

ग) खानीजन्य तथा नदिजन्य पदार्थको प्राकृतिक स्रोत उपयोग कर वातावरण शुल्क प्रदेशसभाले कानुन बनाई अन्य व्यवस्था नभएसम्म बालुवा उत्खनन्, संकलन र बिक्रि वापत प्रति घन फिट रु ४।- शुल्क दिइनेछ ।

१. जिल्ला बाहिर निकासी गर्दा प्रति ट्रिप रू ५००।- निकासी दस्तुर लाग्ने छ।

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैरङ, गोरखा
२०७३

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

घ) अन्य निकायबाट स्वीकृति लिनुपर्ने भएमा सम्बन्धित निकायबाट स्वीकृति लिएपश्चात मात्रै यो कार्यविधि बमोजिम खानीजन्य बस्तुको उत्खनन् तथा संकलन र विक्रि वितरण कार्य गर्नुपर्नेछ ।

**९. खानी सञ्चालनका लागि आवश्यक न्यूनतम् प्रक्रियाः**

क) कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी दर्ता भएको हुनुपर्नेछ ।

ख) साना तथा घरेलु उद्योग विकास समिति वा कार्यालयमा दर्ता भएको हुनुपर्नेछ ।

ग) साविक जिल्ला विकास समिति गोरखामा अनुमति प्राप्त भएको भए सो सम्बन्धी प्रमाण लगायतका कागजातहरु गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

घ) बालुवा प्रशोधन उद्योगको हकमा सो उद्योगले कच्चा पदार्थ उठाउन सम्झौता गरेको भए निजि जग्गा व्यवस्थापन कै कार्यविधि अपनाईनेछ ।

ङ) खानीक्षेत्रको हकमा वातावरण सम्बन्धित पूर्वतयारी तथा प्रदुषण नियन्त्रण सम्बन्धी सम्पूर्ण आवश्यक कार्यहरु खानी संचालक स्वयंको जिम्मेवारीको विषय रहनेछ र यस सम्बन्धमा जानकारी वा कागजात अन्य निकायले मागेमा सो को व्यवस्था सम्बन्धित कम्पनी वा उद्योगले गर्नुपर्नेछ ।

माटो बालुवाको व्यवस्थापन गर्ने अनुमतिको अर्थ घर बनाउन घडेरी सम्याउनु भिरालो जमिनलाई खेतियोग्य बनाउनु वा जनताको जिविकोपार्जन गर्न योग्य बनाई गरिवी निवारणमा सहयोग पुऱ्याउने उद्देश्यले स्थानीय गाउँपालिका बासीको जग्गालाई निजहरुको माग अनुसार उचित व्यवस्थापन गर्नु भएकोले अनधिकृत रुपमा भैरहेको प्राकृतिक श्रोतको दोहन रोक्नु र करको दायरामा ल्याउनु गाउँपालिकाको कर्तव्य समेत भएको हुँदा सोही अनुसार कार्य गर्न सरोकारवालाहरुलाई निर्देशन गरिनेछ ।

**१०. जग्गा प्लटिङ्ग सम्बन्धि व्यवस्था :**

१) यस गाउँपालिका क्षेत्र भित्र कुनै कम्पनीले जग्गा प्लटिङ्ग गर्नु परेमा देहाय बमोजिमको प्रक्रिया पूरा गरी गाउँपालिकाबाट अनुमति लिनुपर्नेछ ।

क) प्लटिङ्ग गर्न चाहेको जग्गाको नापी नक्सा हाल भइरहेको अवस्था र प्लटिङ्ग पछि हुने अवस्था देखिने गरी सम्बन्धित वडाको सिफारिस सहित कागजात पेश गर्नुपर्ने ।

ख) प्लटिङ्ग गर्दा स्थानीय नदीनाला बनजंगल, सार्वजनिक पर्ति जग्गा आदिलाई हानी नोक्सानी गर्न पाइने छैन ।

ग) प्लटिङ्ग गर्ने निवेदन दर्ता भइसकेपछी प्राविधिकबाट चेकजाँच गरी प्रतिवेदन माग गरिनेछ ।

घ) प्रतिवेदन प्राप्त भइसकेपछि अनुमति दिन मिल्ने देखिएमा प्लटिङ्ग गर्ने जग्गाको कूल क्षेत्रफलको सरकारी मूल्याङ्कनको १ प्रतिशतले हुन आउने रकम दस्तुर लाग्नेछ ।

ङ) तोकिएको दस्तुर बुझाइसकेपछि अनुमतिको प्रक्रिया अगाडि बढाईनेछ ।

च) जग्गा प्लटिङ्ग गर्दा मूल बाटोबाट प्लटिङ्ग जोड्ने सडक कम्तिमा ७ मिटर चौडाइको र भित्रि सडकहरु ४ मिटर चौडाईको हुनुपर्नेछ ।

छ) प्लटिङ्ग जग्गामा जाने सडक मूल सडकसंग जोडिएको र अन्य सडकसम्म निकास भएको हुनुपर्नेछ ।

ज) जग्गा प्लटिङ्ग गर्दा कूल क्षेत्रफलको कम्तिमा ३० प्रतिशत जग्गा खुला क्षेत्रफल छाडिएको हुनुपर्नेछ ।

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थैलु, गोरखा
२०७३

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

झ) माथि जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाको भू-उपयोग नीति बमोजिम खेती- योग्य जग्गा भनिएको क्षेत्र वा पुरातात्वीक वा ऐतिहासिक भु-भाग वा जोखिम युक्त जग्गाहरुमा जग्गा प्लटिङ्गको अनुमति दिइनेछैन ।

ञ) गाउँपालिकाको अनुमति बेगर कसैले जग्गाको प्लटिङ्ग गर्न पाइनेछैन । अनुमति बेगर गरिएको प्लटिङ्गको जग्गाको हकमा गाउँपालिकाले जग्गा बेचबिखन सिफारिस रोक्का गर्नुका साथै अन्य आवश्यक कारवाही गर्नेछ ।

ट) प्लटिङ्ग जग्गाको कम्तिमा क्षेत्रफल ४ आना हुनुपर्नेछ ।

## परिच्छेद:५

## समिति सम्बन्धि व्यवस्था

**११. ढुंगा, बालुवा माटो जस्ता खानी जन्य वस्तुको प्राकृतिक श्रोत व्यवस्थापन र जग्गा व्यवस्थापन सम्बन्धि कार्यमा सहजीकरण गर्न गाउँपालिकामा देहाय बमोजिमको समिति गठन हुनेछ ।**

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | सदस्य |
| गाउँ कार्यपालिका सदस्यहरु मध्येबाट १ जना महिला सदस्य सहित ६ जना सदस्य | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

**१२. समितिको कार्यक्षेत्र देहायबमोजिम रहनेछ :**

क) उपर्युक्त समितिले दर्ता हुन आएका एवं गाउँपालिकाबाट तयार भएको प्रस्ताबमाथि आवश्यक छानविन गरि आवश्यकता अनुसार प्राविधिक प्रतिवेदन समेत प्राप्त गरी, गाउँ कार्यपालिकाको बैठकमा पेश गर्नेछ र त्यस उपर गाउँ कार्यपालिकाको बैठकमा छलफल हुनेछ ।

ख) ढुंगा, गिट्टी, बालुवा उत्खनन्, संकलन र बिक्री बापत र निकासी करको दर पुनरावलोकनको लागि गाउँ कार्यपालिकालाई राय सुझाव दिनेछ ।

ग) गाउँ कार्यपालिकाको निर्णय बमोजिम तोकिएको गाउँपालिकाको प्रतिनिधिले जग्गा धनिसंग वा फर्म कम्पनी वा संस्था संग सम्झौता गर्नेछ ।

घ) सम्झौताको जानकारी जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालयलाई दिईनेछ ।

## परिच्छेद: ६

## विविध

**१३. निर्देशन पालना गर्नुपर्ने:** गाउँपालिका तथा जिल्ला स्तरीय अनुगमन समिति र गाउँ कार्यपालिकाको कार्यालयले खानी संचालन तथा व्यवस्थापनको लागि दिएको निर्देशन खानी संचालकले पालना गर्नु पर्नेछ ।

**१४. प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१५. वाधा अड्काउ फुकाउ:** यो कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अड्काउ आइपरेमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

गोविन्द बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

**१६. थप घट तथा हेरफेर:** यो कार्यविधि आवश्यकता अनुसार गाउँ कार्यपालिकाले थप घट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

मिति २०७४।१२।१४ गतेको गाउँ कार्यपालिकाको बैठकबाट पारित भएको व्यहोरा प्रमाणित गर्दछु ।

नाम: जीवन बहादुर आले मगर

पद: प्रमुख प्रशासकीय अधिकृत

दस्तखत:

प्रमाणिकरण मिति: २०७४।१२।१४

जीवन बहादुर आले मगर

प्रमुख प्रशासकीय अधिकृत